पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वखोला, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

## कार्यपालिका बैठक संख्या - १९४ औं बैठक

आज मिति २०८३।०१।११ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

आमन्त्रित:

| | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १६. | सूचना ज्ञवाली | सूचना प्रविधि अधिकृत | |
| १७. | शान्ति आचार्य | कार्यालय सहयोगी | |

**बैठकका एजेन्डा:**

१) अघिल्लो १९३ औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) प्रदेश विशेष आयोजना माग सम्बन्धमा,
३) प्रदेश समपुरक आयोजना माग सम्बन्धमा,
४) बेरुजु फछर्यौट सम्बन्धमा,
५) विविध:

क)आर्थिक सहयोग सम्बन्धमा,
ख) नेपाल रेडक्रस सोसाइटीको निवेदन सम्बन्धमा,
ग) गाउँपालिका राष्ट्रिय महासंघको पत्र सम्बन्धमा,-
घ) नेपाल मगर संघको निवेदन सम्बन्धमा,
ङ) स्वास्थ्य शाखाको मासिक घुम्ती बैठक आयोजना सम्बन्धमा,
च) कर्मचारी माग सम्बन्धमा,
छ) १५ शैया अस्पतालको दरबन्दी सम्बन्धमा,
ज) विपद लाभग्राही राहत रकम सम्बन्धमा,
झ) लागत सहभागिताका कार्यक्रम सञ्चालन सम्बन्धमा,
ञ) इन्धन सुविधा सम्बन्धमा,
ट) भ्रमण सम्बन्धमा,
ठ) ई-हाजिरी मेशीन प्रयोग सम्बन्धमा,
ड) Electrician Hire गर्ने सम्बन्धमा,
ढ) पाईप माग निवेदन सम्बन्धमा,
ण) वडा कार्यालय रङरोगन सम्बन्धमा ।

निर्णयहरु:

१) अघिल्लो १९३ औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।
२) लुम्बिनी प्रदेश योजना आयोगको मिति २०८२/१२/२७ गतेको च.नं.२३६ को पत्रानुसार आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश विशेष अनुदान तर्फ तपसिलमा उल्लेखित योजना/कार्यक्रमहरु प्रस्ताव गरी लुम्बिनी प्रदेश योजना आयोगमा पठाउने सर्वसम्मत निर्णय गरियो।नाब

तपसिल:

| क्र.स. | योजना/कार्यक्रमको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | बेसर्घा लिफ्ट खानेपानी आयोजना | ४०,००,०००/- | गाउँपालिकाको वडा नं ४ मा सञ्चालन गरिने |
| २ | सुन्तलाजात फलफूल बगैचा स्थापना तथा सुदृढीकरण कार्यक्रम | ४०,००,०००/- | गाउँपालिकाको वडा नं.२ र ५ मा संचालन गरिने |

पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वखोला, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

नुन बहादुर थापा
अध्यक्ष

... नेपाल
प्रमुख प्रशासकीय अधिकृत

३) आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२/१२/२७ गतेको च.नं.६१९को पत्रानुसार आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश समपूरक अनुदान तर्फ तपसिलमा उल्लेखित योजना/कार्यक्रमहरु प्रस्ताव गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

| क्र.स. | योजना/कार्यक्रमको नाम | लागत अनुमान | माग गरिएको | कैफियत |
|---|---|---|---|---|
| १ | पोखन्दी लिफ्ट खानेपानी आयोजना | ५,०५,९७,८७५।३८ | ८०,००,०००/- (प्रदेश सरकार बाट ४०,००,०००/- र स्थानीय सरकार बाट ४०,००,०००/-) | पूर्वखोला गाउँपालिका वडा न. १ मा संचालन गरिने |
| २ | देवीनगर स्वास्थ्य चौकी भवन निर्माण | २,६४,००,०००/- | १,००,००,०००/- ( प्रदेश सरकार बाट ५०,००,०००/- र स्थानीय सरकार बाट ५०,००,०००/-) | पूर्वखोला गाउँपालिका वडा न. ४ मा संचालन गरिने |

४) विविध:

क) पूर्वखोला गाउँपालिका वडा न. १ निवासी ६६ वर्षिय सहविर विश्वकर्मालाई क्षयरोगको शंका गरी नेपाल सरकार बाट मान्यता प्राप्त चिकित्सकको सल्लाह बमोजिम निजलाई औषधी सिफारिश गरिएकोमा निजलाई उक्त औंषधीका कारण शरीरमा बिभिन्न नकारात्मक असर देखिई लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा उपचारका लागि लगिएको तर निजको सन्तान कोही नभएको एवं घरको आर्थिक अवस्था समेत कमजोर भएको सन्दर्भमा निजको उपचारमा समस्या आएको भन्ने बुझिएकाले निजको उपचारमा लाग्ने हस्पिटलको सम्पूर्ण खर्च(बिमाले व्यहोर्ने बाहेकको अस्पतालको बिल भरपाईको आधारमा) रकमको भुक्तानी कार्यालयबाट गर्ने सर्वसम्मत निर्णय गरियो। अस्पतालमा रहँदा बस्दा खर्च हुने बिरामी र एक जना कुरुवाको खाना खाजा खर्च बापतको रकम व्यवस्थापन गर्न निज बिरामीलाई तत्काल राहत स्वरुप १५,०००।- (अक्षरुपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने र निज बिरामीलाई उपचार र औंषधीमा लाग्ने खर्चमा सहुलियत प्रदान गरी निशुल्क रुपमा प्रभावकारी उपचार सेवा प्रवाह गरिदिनहुन लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पालाई अनुरोध गर्ने समेत सर्वसम्मत निर्णय गरियो।

ख) नेपाल रेडक्रस सोसाईटी पाल्पाको मिति २०८३/०१/०९ गतेको पत्रानुसार जिल्ला प्रशासन कार्यालयमा भएको स्थानीय तहका जनप्रतिनिधीहरु, कोलेनिका प्रमुख, रेडक्रस सोसाईटी पाल्पाका प्रतिनिधी तथा कर्मचारीका बिच भएको छलफल पश्चात स्थानीय तहबाट रडक्रसको ब्लड बैङ्क

गुन बहादुर थापा
अध्यक्ष

सञ्चालनार्थ विनियोजित रकम रक्त सेवा संचालनका लागि आवश्यक गाडी खरिद गर्नेको लागि रेडक्रस सोसाइटी पाल्पा शाखाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको खातामा राखिदिने निर्णय भए बमोजिम यस गाउँपालिकाबाट आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत ब्लड बैङ्क सञ्चलानका लाग विनियोजित रु ५,००,०००।- (अक्षरुपी पाँच लाख मात्र) रेडक्रस सोसाइटी पाल्पा शाखाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको खातामा राखिदिने सर्वसम्मत निर्णय गरियो।

ग) गाउँपालिका राष्ट्रिय महासंघ नेपालको मिति २०८३/०१/०४ च.न. ११८ को पत्रानुसार सदस्यता शुल्क जम्मा गरिदिने सम्बन्धमा विधान,२०७४ (संशोधन) मा व्यवस्था अनुसार यस गाउँपालिकाले बुझाउनु पर्ने चालु आ.व.२०८२/०८३ सदस्यता वापतको रकम रु.३०,०००/- (अक्षेरुपी तीस हजार मात्र) गाउँपालिका राष्ट्रिय महासंघको खातामा जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) नेपाल मगर संघ जिल्ला समन्वय समिति, पाल्पाको मिति २०८२/१२/२५ च.न. ०५५/२०८२/०८३ को निवेदन अनुसार मिति २०८२/१२/१४ र १५ गते नेपाल मगर संघ जिल्ला समन्वय समिति पाल्पाको आयोजनामा भाषा,कला,संस्कृति संरक्षण र संवर्द्धन, संस्थागत नेतृत्व विकास र आर्थिक व्यवस्थापन सम्बन्धी २ दिने प्रशिक्षण कार्यक्रम सञ्चालन भएको र कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम सहयोग स्वरुप उपलब्ध गराउन लेखी आएको तथा उक्त कार्यक्रममा यस गाउँपालिकाबाट ४ जना सहभागी समेत भएको हुदाँ त्यस संस्थालाई रु.६,०००/- (अक्षेरुपी छ हजार मात्र) भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

ङ) पाल्पा जिल्ला भित्रका स्थानीय तहहरुको स्वास्थ्य शाखाको मासिक घुम्ती बैठक कार्यक्रम यही २०८३ बैशाख १६ गते हुने भएकोले उक्त बैठक संचालन गर्नको लागि आवश्यक पर्ने बजेट यस गाउँपालिकाबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

च) पूर्वखोला गाउँपालिका वडा न. ५ को विरकोट स्वास्थ्य चौकीमा अ.न.मी.पद रिक्त भएको र सेवा प्रवाहमा कठिनाई भएका कारण उक्त रिक्त पदमा पदपूर्ति गर्नको लागि करार सेवामा अ.न.मी. माग गर्ने सर्वसम्मत निर्णय गरियो।

छ) पूर्वखोला गाउँपालिका वडा न. ५ मा अवस्थित १५ शैया अस्पतालको निर्माण कार्य सम्पन्न भएको हुँदा उक्त अस्पतालबाट सेवा प्रवाह संचालन गर्नको लागि आवश्यक दरबन्दी अनुसारको जनशक्ति तथा साधन स्रोत उपलब्ध गराउन प्रदेश र संघीय सरकार वा अन्तर्गतका निकायमा पठाउने सर्वसम्मत निर्णय गरियो।

ज) पूर्वखोला गाउँपालिकाको वडा न. १ र वडा न. ३ मा बसोबास गर्ने तपसिलमा उल्लेखित लाभग्राहीहरुको विपद प्रभावित निजी आवास प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको तेस्रो किस्ता वापतको रकम जिल्ला प्रशासन कार्यालय तानसेन पाल्पाबाट यस कार्यालयमा आईसकेको तर निजले प्राप्त गर्नुपर्ने कुल रकम ४,००,०००- (अक्षरपी चार लाख) मध्ये ३,६०,०००।-(अक्षरुपी तीन लाख साठी हजार) मात्र आई रु.४०,०००/- (अक्षरुपी चालिस हजार मात्र) न्यून हुन गएकाले उक्त न्यून हुन गएको रकम यस गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट खर्च लेखि भुक्तानी रकम लाभग्राहीहरुको खातामा पठाउने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

| क्र.स. | लाभग्राहीको नाम थर | ठेगाना | बैंक खाता न. | तेस्रो किस्ताको प्राप्त रकम |
|---|---|---|---|---|
| १ | टोप बहादुर श्रेष्ठ | पूर्वखोला-१ | 14607010032230 | ११५००० |
| २ | जगीसरा सारु | पूर्वखोला-३ | 14607010001260 | ११५००० |

साथै तपसिलमा उल्लेखित लाभग्राहीहरुको विपद प्रभावित निजी आवास प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको पहिलो किस्ता वापतको रकम निजहरुको अन्यत्र घर नभएको भनी सम्बन्धित वडाबाट सिफारिस भई आएको हुँदा सम्बन्धित लाभग्राहीहरुको खातामा पठाउने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

| क्र.स. | लाभग्राहीको नाम थर | ठेगाना | प्रथम किस्ता रकम | बैंक खाता न. |
|---|---|---|---|---|
| १ | डिल्लीराज ढकाल | पूर्वखोला-१ | ५०,०००/- | 14607010037581 |
| २ | दुर्ग प्रसाद विश्वकर्मा | पूर्वखोला-१ | ५०,०००/- | 14607010002534 |
| ३ | टेक बहादुर ठाडा | पूर्वखोला-२ | ५०,०००/- | 14607010045906 |

झ) लागत सहभागितामा कार्यक्रम सञ्चालनार्थ विनियोजित ३,००,०००।- (अक्षरुपी तीन लाख मात्र) अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु कम्तीमा ३०% लागत सहभागिता सुनिश्चित हुने गरी सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

| वडा नं. | योजना/कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | मदन आश्रित आ.वि. भित्ते लेखन, पेण्टिङ तथा मर्मत | ५०,०००/- | |
| २ | शम्भु मा.वि. कार्यालय तथा कक्षा कोठा व्यवस्थापन | ५०,०००/- | |
| ३ | गाय डाँडा बस्ती ढलान योजना | ३५,०००/- | |
| ४ | सिमल्दी बाटो ढलान योजना | ५०,०००/- | |

ञ) नेपाल सरकारको पूर्व परिपत्र बमोजिम ईलाका प्रहरी कार्यालय र प्रहरी चौकीलाई दिइदै आएको ईन्धन सुविधा कटौती गरिएकोमा सम्बन्धित निकायबाट सेवा प्रवाह प्रभावकारी रुपमा प्रवाह गर्न कठिनाई भएको भन्ने पटक पटक गुनासो आएकाले सम्बन्धित निकायहरुलाई पूर्ववत् उपलब्ध गराउदै आएको परिणाममा ईन्धन संकट र मूल्यवृद्धिका कारण २०% ले कटौती गरी ईन्धन सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ट) यही वैशाख महिनाको १८, १९ र २० गते पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखाको सहजीकरणमा हुन लागेको ३ दिने स्वास्थ्यकर्मीको असल अभ्यास सिकाई सम्बन्धी भ्रमण कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी रुपमा गर्ने गरी सुसम्पन्न गर्न स्वीकृती दिने सर्वसम्मत निर्णय गरियो।

अध्यक्ष

ठ) नेपाल सरकारको निर्देशन बमोजिम सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सुनिश्चित गर्न विद्युतीय हाजिरीलाई अनिवार्य गर्नुपर्ने सन्दर्भमा विद्युतीय हाजिरी मेशिन जडान गर्नका लागि उक्त शीर्षकमा बजेट विनियोजन नभएकाले मेशीनरी औजार खरीद शीर्षकबाट आवश्यकता र लागत अनुमानका आधारमा सोझै खरीद गरी गाउँपालिका तथा अन्तर्गतका सबै वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा तत्काल जडान गर्ने सर्वसम्मत निर्णय गरियो ।

ड) गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा विद्युत सम्बन्धी विविध समस्याहरु आईरहने तर उक्त समस्याहरु समाधान गर्नका लागि गाउँपालिकामा दक्ष जनशक्ति नभएकाले एक जना दक्ष Electrician लाई मासिक १५,०००|- (अक्षरुपी पन्ध्र हजार मात्र) दिई करारनामाका आधारमा राख्ने सर्वसम्मत निर्णय गरियो ।

ढ) गाउँ कार्यपालिकाको कार्यालयमा खानेपानी तथा सिंचाई प्रयोजनका लागि स्थानीय विभिन्न व्यक्तिहरुबाट पाईप माग सम्बन्धी निवेदनहरु प्राप्त भएकाले सो सम्बन्धमा तपसिल बमोजिम हुने गरी गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | निवेदकको नाम थर | ठेगाना | माग गरेको परिमाण | निर्णय भएको परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजेन्द्र प्रसाद ढुङ्गाना | पूर्वखोला - ३ | २५ mm को १५२ मिटर | ७६ मिटर | खानेपानी प्रयोजन |
| २ | खड्क बहादुर काम्मु | पूर्वखोला - ५ | २५ mm को १०० मिटर | ५० मिटर | खानेपानी प्रयोजन |
| ३ | यज्ञ प्रसाद श्रेष्ठ | पूर्वखोला - १ | ३२ mm को २५० मिटर | १२५ मिटर | खानेपानी प्रयोजन |

ण) पूर्वखोला गाउँपालिका वडा न. १ को कार्यालय सिलुवाको भवन रङरोगन गर्नका लागि प्राविधिकहरुले तयार गरेको लागत अनुमान बमोजिमको आवश्यक पर्ने रकम कार्य सम्पन्न भए पश्चात मर्मत सम्भार शीर्षकबाट खर्च लेख्ने गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत